# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/७/२७ गते शुक्रवार देखि २०६६/८/४ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८९ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४५२१ कारोबारबाट २६ करोड ८७ लाख ९५ हजार रुपैयाँ बराबरका ७ लाख ७७ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १३.७६ प्रतिशतले ह्रास भएको हो । गत साता ५४०८ शेयर कारोबारबाट ३१ करोड ११ लाख ६६ हजार रुपैयाँ बराबरका ६ लाख २ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ११ करोड १२ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४१.३९ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ३.९३ अंकले ह्रास भई अन्तिम दिन ५६३.०१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५४४.७३ | ४३८.८२ | ३६९.७५ | ६०६.२६ | ८१७.७५ | २६६.०९ | ६०२.५४ | ६०१.५४ | ६२४.४८ | ५६६.९४ | १४१.९५ | ५४.२० |
| दोस्रो | ५३७.५१ | ४३८.८२ | ३६९.७५ | ६०५.०८ | ८१९.१० | २६६.०९ | ६०२.४२ | ५९९.२० | ६१४.४५ | ५६१.८२ | १४०.४१ | ५३.३६ |
| तेस्रो | ५४१.४६ | ४३८.८२ | ३६९.७५ | ६०७.४३ | ८१८.८३ | २६६.०९ | ५९३.१२ | ५९९.४३ | ६२५.४९ | ५६४.९८ | १४१.५० | ६३.८१ |
| चौथो | ५४१.१८ | ४३८.८२ | ३६९.७५ | ५९३.३४ | ८१८.८३ | २६६.०९ | ५९३.१२ | ५९९.६३ | ६२३.०२ | ५६२.२२ | १४१.३९ | ५३.७४ |
| पाँचौं | ५४०.९४ | ४३८.८२ | ३६९.७५ | ५९९.२१ | ८१४.१७ | २६६.०९ | ५९२.९३ | ५९९.४२ | ६२३.८४ | ५६३.०१ | १४१.३२ | ५३.७४ |
| परिवर्तन | -३.७९ | ०.०० | ०.०० | -७.०५ | -३.५८ | ०.०० | -९.६१ | -२.१२ | -०.६४ | -३.९३ | -०.६३ | -०.४६ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.६३ अंकले ह्रास भई १४१.३२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ७५ लाख रुपैयाँ) को अधारमा डिसिविएल बैंक तथा शेयर संख्या (२ लाख २२ हजार कित्ता) को आधारमा सिएमबी फाइनान्स र कारोबार संख्या (८६७ वटा) को आधारमा भिवोर विकास वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | डिसिविएल बैंक | ३७.५४ |
| २ | सिएमबी फाइनान्स | २२.२५ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | १७.७३ |
| ४ | प्राइम कमर्सिल बैंक | १५.०३ |
| ५ | भिवोर विकास बैंक | १४.१९ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | साधारण | १७,१५,००० कित्ता |
| २ | क्रिष्टल फाइनान्स लिमिटेड | साधारण | ७००००० कित्ता |